अनुसूची-२
दफा ४ तथा अनूची-१ को भाग-२ संग सम्बन्धित

# बर्दिवास नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८ संख्याः १५ कार्यपालिका स्वीकृत मितिः२०८२/०७/२१
प्रमाणिकरण मिति :२०८२/०७/२७

## भाग-२

## बर्दिवास नगरपालिका

### ६० प्रतिशत लागत सहभागितामा च्याफकटर वितरण कार्यविधि २०८२

प्रस्तावना :

बर्दिवास नगरपालिकाका पशुपालन व्यवसायमा आवद्ध कृषकहरुलाई यान्त्रिकीरणकको माध्यमबाट कम लागतमा बढी दुध उत्पादन गर्ने उद्धेश्यले व्यवसायिक कृषकहरुलाई प्रोत्साहन गर्न ६० प्रतिशत अनुदानमा च्याफकटर वितरण गर्न स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११(७) ले दिइएको अधिकार प्रयोग गरी यो कार्यविधि तयार गरिएको छ ।

परिच्छेद- १
प्रारम्भिक

१. संक्षिप्त, नाम र प्रारम्भ

क) यस कार्यविधिको नाम “ ६० प्रतिशत लागत सहभागितामा च्याफकटर वितरण कार्यविधि २०८२”रहनेछ ।

ख) यो कार्यविधि कार्यपालिकाबाट स्वीकृत भएको मिति देखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा :**विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)“कार्यालय” भन्नाले यस बर्दिवास नगरपालिकाको कार्यालय सम्झनु पर्दछ ।

(ख)“कार्यपालिका” भन्नाले बर्दिवास नगरपालिकाको नगर कार्यपालिका सम्झनु पर्दछ ।

(ग) “ च्याफकटर ” भन्नाले घाँस पराल काट्ने मेशिन भन्ने सम्झनु पर्दछ ।

(घ) “शाखा” भन्नाले बर्दिवास नगरपालिकाको पशुपंन्छी विकास शाखालाई सम्झनु पर्दछ ।

(ङ)“कार्यक्रम” भन्नाले नगरपालिकाको ६०% अनुदानमा वितरण गरिने च्याफकटर लाई सम्झनु पर्दछ ।

(छ) “ समिति ” भन्नाले दफा (५) को समिति लाई सम्झनु पर्दछ ।

## पीरच्छेद -२

## मापदण्ड

**३. मापदण्डका आधारहरु :** यस कार्यविधि अनुसार च्याफकटर पाउन योग्य लाभग्राहीको मापदण्ड देहाय अनुसार हुनेछ ।

- च्याफकटर पाउने व्यक्ति तोकिएको स्थानको स्थानीय वासिन्दा हुनु पर्ने ।
- कम्तिमा २ वटा दुहुना पशु पालेको हुनुपर्नेछ ।
- पशु पालन व्यवसायको अनुभव भएको हुनु पर्ने ।
- पशु पालन समूह सहकारी मा आवद्ध भएको व्यक्तिलाई प्राथमिकत दिईने ।
- महिला पिछडिएको वा विपन्न ,दलिद वर्गलाई प्राथमिकता दिइने ।

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रक्रिया

**४. लाभ ग्राही छनौट प्रक्रिया :** समितिले कार्यक्रम सञ्चालनका लागि १ वटा वडा वा १ वटा भन्दा वढी वडामा छनौट गरी सूचना गर्नु पर्ने छ ।

- सूचना प्रकाशन गर्ने ,
- इच्छुक कृषकहरुवाट निवेदन सङ्कलन गर्ने,
- आवेदकहरुको मूल्याङ्कन गर्ने,
- छनौट समितिबाट उपयुक्त लाभग्राहीको नामावली प्रकाशन गर्ने,

**५.प्रस्ताव मूल्याङ्कन,तथा छनौट**

१) प्रस्ताव मूल्याङ्कन गरी स्वीकृत गर्न देहाय बमोजिमको मूल्यांकन समिति रहनेछ :

क) नगर प्रमुख संयोजक

ख) प्रमुख प्रशासकीय अधिकृत सदस्य

ग) आर्थिक विकास समिति प्रमुख सदस्य

घ) सम्बन्धित शाखा प्रमुख वा प्रतिनिधि सदस्य सचिव

मूल्याङ्कन समितिले विषय विज्ञहरु आमन्त्रण गर्न सक्नेछ ।

२) मूल्याङ्कन समितिले मूल्यांकन विधि र कार्यविधि आफै तयार गर्नेछ ।

३) स्थलगत रुपमा अनुगमन गर्नुपर्ने छ ।

४) लाभग्राही छनौट गर्ने ।

<u>६.सम्झौता :</u> छनौट भएका लाभग्राहीहरु सँग कार्यालयले सम्झौता गर्नुपर्ने छ ।

<u>७.च्याफकटर खरिद प्रक्रिया</u>

- वितरण गरिने च्याफकटरको स्पेसिफिकेशन तयार गर्ने
- च्यफकटर खरिदको लागि टेन्डर वा स्वीकृत फार्मबाट च्याफकटर खरिद गर्ने ,
- खरिद गरिने च्याफकटरको भेरिफिकेसन गर्ने,

## परिच्छेद -४

## विविध

<u>८ अनुगमन :</u>

१) नगर उपप्रमुखले शाखाको कर्मचारी सहित नियमित अनुगमन गर्नुपर्नेछ ।

२) अनुगमन प्रतिवेदन कार्यालयमा पेश गर्नुपर्नेछ ।

<u>९. वितरण प्रक्रिया</u>

- निश्चित मिति र स्थानमा छनौट भएका लाभग्राहीलाई च्याफकटर वितरण गर्ने ,
- लाभग्राहीलाई च्याफकटर वितरण गर्नु पूर्व डेमो गरेर देखाउने दिने ,
- वितरणको फोटो हस्ताक्षर र रेकर्ड राख्ने ,

<u>१०. प्रगति विवरण तथा प्रभावकारिता</u>

१) वितरणको पूर्ण प्रतिवेदन सम्वन्धित निकायमा तयार गरी वुझाउनु पर्नेछ ।

२) कार्यक्रमको प्रभावकारिताको आधारमा कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

**११.दण्ड सजाय :** वितरण गरिएको च्याफकटर सम्झौता अनुसार पालन नगरेमा प्रचलित कानुन अनुसार दण्ड सजाय गरिनेछ ।

**१२.संशोधन :** यो कार्यविधि कार्यान्वयन सम्वन्धमा बाधा अड्चन कार्यपालिकाले फुकाउने छ ।

**१३.बचाउँ :** यस कार्यविधिमा उल्लेख भएका विषयमा यसै कार्यविधि र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ ।

आज्ञाले,

रामममणि अधिकारी

प्रमुख प्रशासकीय अधिकृत